निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग नेपाल २०२३

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति २०७८/५/१३

## प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यको सनाखत गराउने ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ (दोस्रो संशोधन अध्यादेश,२०७८) र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ (दोश्रो संशोधन) बमोजिम निर्वाचन आयोगले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलबाट छुट्टिई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामक राजनीतिक दल र जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टिई बनेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्य तथा स्थानीय तहका सदस्यले सम्बन्धित दलबाट छुट्टिई गठन भएको दलमा प्रवेश गर्न चाहेमा नयाँ दल गठन भएको मितले २१ दिनभित्र (मिति २०७८/५/२ देखि २०७८/५/२२ गतेसम्म) प्रदेश सभाका सदस्यले सम्बन्धित प्रदेश निर्वाचन कार्यालयमा र स्थानीय तहका सदस्यले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा कार्यालय समयभित्र स्वयम् उपस्थित भै सनाखत गर्ने गराउने व्यवस्थाका लागि आयोगले देहाय बमोजिम गर्न गराउन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिएको छ ।

१. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र जनता समाजवादी पार्टी, नेपालको तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यहरुलाई यस सम्बन्धी सूचना सम्बन्धित प्रदेश सभा र स्थानीय तह मार्फत प्रवाह गरी सनाखत गर्ने व्यवस्था प्रदेश निर्वाचन कार्यालय र जिल्ला निर्वाचन कार्यालयले मिलाउने,

२. सनाखत गर्न आउँदा देहायका प्रमाण हेरी व्यक्ति यकिन गरी सनाखत गर्ने व्यवस्था मिलाउने
   (क) प्रदेश सभा सदस्यको हकमा सक्कल नागरिकता वा मतदाता परिचयपत्र र निर्वाचित भएको प्रमाणपत्र वा प्रदेश सभा सचिवालयबाट जारी भएको परिचयपत्र वा प्रमाणित पत्र,
   (ख) स्थानीय तहको सदस्यको हकमा सक्कल नागरिकता वा मतदाता परिचयपत्र र निर्वाचित भएको प्रमाणपत्र वा सम्बन्धित स्थानीय तहबाट जारी भएको परिचयपत्र वा प्रमाणित पत्र ।

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"

३. प्रदेशको हकमा प्रदेश निर्वाचन कार्यालय प्रमुख र जिल्लाको हकमा जिल्ला निर्वाचन कार्यालय प्रमुखको रोहबरमा सनाखत गराई सम्बन्धित कार्यालय प्रमुखले सनाखत सम्बन्धि सम्पूर्ण कार्यको जिम्मेवारी लिई जिल्ला निर्वाचन कार्यालयले स्थानीय तहका सदस्यहरूको र प्रदेश निर्वाचन कार्यालयले प्रदेश सभा सदस्य तथा सम्बन्धित जिल्लाका स्थानीय तहका सदस्यको समेत सनाखत गराउने।

४. सम्बन्धित प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयले सनाखत गर्ने प्रयोजनका लागि माग गरे बमोजिमको सहयोग तथा आवश्यक सुरक्षा प्रवन्ध सम्बन्धित जिल्ला प्रशासन कार्यालयले मिलाउने,

५. हाल कोभिड-१९ को माहामारी तथा संक्रमण दर उच्च रहेको अवस्थालाई मध्यनजर राखी सनाखत गर्ने कार्यमा भिडभाड हुन नदिन तथा पूर्ण रूपले स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउन सम्बद्ध सबै पक्षलाई जानकारी गराउने।

निर्वाचन आयोग नेपाल २०२३

०७८।५।१३

( राजकुमार श्रेष्ठ )

**सहसचिव एवम् प्रवक्ता**